का.जि.प्र.का.द.नं. १००/०५९/६०
१ फागुन २०८०,
मंगलबार
13 February 2024,
Tuesday
मूल्य रु. ५/-


# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नुस्

वर्ष २१, अंक ३७० । पृष्ठ १४ | Madhyanha National Daily | www.madhyanhadaily.com

**बजेट अर्धवार्षिक समीक्षा**

# घट्यो बजेटको आकार, उठेन अपेक्षित राजस्व







महत्वकांक्षी बजेट ल्याएको भनि भएको टिप्पणीलाई पुष्टि गर्दै अर्थमन्त्रीले बजेटको आकार नै घटाएका छन् । लक्ष्य घटाउनुको कारण दिँदै उनले अपेक्षित राजस्व नउठेकोदेखि राष्ट्रिय गौरवका आयोजनाहरुको गति निराशाजनक रहेको तथ्यांक प्रस्तुत गरेका छन् ।

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, २९ माघ ।

चालु आर्थिक वर्षको बजेटको आकार नै घटेको छ । बजेट कार्यान्वयनमा आएको ६ महिनापछि बजेटको आकार घटाएर अर्थमन्त्री डा. प्रकाशशरण महतले नेपालको अर्थतन्त्रको समीक्षा सार्वजनिक गरेका छन् ।

महत्वकांक्षी बजेट ल्याएको भनी टिप्पणीलाई पुष्टि गर्दै सोमबार पत्रकार सम्मेलन नै गरेर अर्थ मन्त्रालयले नेपालको अर्थतन्त्रको समीक्षा सार्वजनिक गरेको हो । अर्थमन्त्रीले बजेटको आकार घटाउनुको कारण दिँदै अपेक्षित राजस्व नउठेकोदेखि राष्ट्रिय गौरवका आयोजनाहरुको गति निराशाजनक रहेको तथ्याङ्क प्रस्तुत गरेका छन् ।



अर्थमन्त्री डा. महतले २ खर्ब २१ अर्ब ५ करोड रुपैयाँ (१२.६२) प्रतिशत बिन्दुले बजेटको आकार घटाएका छन् । आकार घटाएसंगै चालु आवमा पृष्ठ २ मा

## 'संकलित राजस्वले कर्मचारीको तलब थेग्दैन'

सरकारले आर्थिक वर्षको ६ महिनामा पुँजीगत खर्च २०.९५ प्रतिशत मात्र गरेको छ । महालेखा नियन्त्रक कार्यलयका अनुसार चालुगत खर्च ४४.११ प्रतिशत छ भने राजस्व संकलन ३९.९५ प्रतिशत छ । पृष्ठ २ मा

## काम गर्न सजिलो छैन : अर्थमन्त्री

अर्थमन्त्री महतले राजस्व संकलन लक्ष्य अनुसार उठाउन नसक्दा चालु आर्थिक वर्षको बजेटको आकार घटाउनु परेको स्वीकार गरेका छन् ।

'कुरा गरे जस्तो काम हुँदैन, आर्थिक सुधारको विषय विस्तारै हुन्छ । सूचक सकारात्मक छन् र यो यही गतिमा अघि बढ्छन्, आर्थिक गतिविधि बढ्छ भन्ने छ ।' उनले भने 'बजेट पद्धतिलाई चुस्त बनाउन अझै केही समय लाग्छ ।' अर्थमन्त्री महतले विद्युतीय सवारी साधनलाई प्रोत्साहन गर्ने हेतुले पृष्ठ २ मा

६ महिनामा कुन मन्त्रालयले कति गरे खर्च ?

*प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यलय : ३४.८८ प्रतिशत*

| रक्षा | गृह | कृषि | कानून | शिक्षा | श्रम | अर्थ | खानेपानी | ऊर्जा | परराष्ट्र |
|---|---|---|---|---|---|---|---|---|---|
| ४५.६३ प्रतिशत | ४०.८१ प्रतिशत | २१.६१ प्रतिशत | १६.८४ प्रतिशत | ४१.६३ प्रतिशत | १२.३५ प्रतिशत | ९.९० प्रतिशत | १९.४१ प्रतिशत | ३१.६४ प्रतिशत | ८०.३४ प्रतिशत |

| सञ्चार | स्वास्थ्य | संस्कृति | भौतिक | भूमि | उद्योग | शहरी | खेलकुद | महिला | वन |
|---|---|---|---|---|---|---|---|---|---|
| २४.७४ प्रतिशत | २१.८८ प्रतिशत | २७.७७ प्रतिशत | १८.७६ प्रतिशत | ३५.७४ प्रतिशत | २२.४५ प्रतिशत | १४.२६ प्रतिशत | २७.८१ प्रतिशत | ११.२१ प्रतिशत | २२.७७ प्रतिशत |

# त्रिविको उपकुलपति सर्टलिस्टमा आशंका



सर्टलिस्टमा परेकामध्ये केही बौद्धिक चोरीमा परेका, भ्रष्टाचारमा मुछिएका र सूचना लुकाएका व्यक्तिहरु समेत छन् । उनीहरुलाई सूचीबाट आउट गर्ने कुरामा विशेष ध्यान दिन सरकारको ध्यानाकर्षण गरेका छौं ।

**भानुभक्त जोशी**
**सभापति, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २९ माघ ।

त्रिभुवन विश्वविद्यालयको उपकुलपतिका लागि सर्टलिस्टमा परेका विवादित व्यक्तिबारे पुनर्विचार गर्न संसदको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले प्रधानमन्त्री र शिक्षामन्त्रीलाई ध्यानाकर्षण गरेको छ ।

त्रिभुवन विश्वविद्यालयको रिक्त उपकुलपति पदमा आवेदन दिएका ४३ मध्ये १४ उम्मेदवार अल्पसूची (सर्टलिष्ट) मा परेका छन् । उपकुलपति छनोटका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोककुमार राई नेतृत्वमा गठित सिफारिस समितिले प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि ती सूचीलाई सार्वजनिक गरेको हो ।

४३ जनामध्ये १४ जनाको सर्ट लिस्ट गर्दा परेका नामहरुलाई लिएर सार्वजनिक रुपमा प्रश्न उठिरहेका बेला संसदीय समितिले औपचारिक रुपमै आशंका गरेको छ । आशंका चिर्न र सार्वजनिक आलोचनालाई ख्याल गर्न पनि सुझाइएको हो ।

शिक्षा, विज्ञान तथा प्रविधि पृष्ठ २ मा



## जीवनस्तर उकासियो, तर घटेन गरिबी

**शिव विक/मध्यान्ह**
काठमाडौं २९ माघ ।

नेपालीको जीवनस्तरमा बिगत एक दशकयता उलेख्यरुपमा सुधार आएको पाइएको छ । राष्ट्रिय तथ्यांक कार्यालयले सोमबार सार्वजनिक गरेको 'नेपाल जीवनस्तर सर्वेक्षण चौथो २०७९/८०'ले एक दशकमा नेपालीको जीवनस्तरमा सुधार आएको देखिएको हो ।

तथ्यांक अनुसार पोषणको उपभोग र बिलासी घरायसी साधान उपयोगमा उल्लेख्य वृद्धि भएको हो । नेपालमा १.८५ प्रतिशत घरपरिवारसँग कार रहेको तथ्यांकले देखाएको छ । जबकी सन् २०११ मा ०.८२ प्रतिशत थियो । त्यस्तै ८.७७ प्रतिशत परिवारसँग कम्प्युटर, २५.१५ प्रतिशत परिवारसँग मोटरबाइक, २६.८९ प्रतिशत परिवारसँग रेफ्रिजेरेटर, ६०.८५ प्रतिशत फ्यान र ९३.५५ प्रतिशत परिवारसँग मोबाइल सेवा रहेको सर्वेक्षणले देखाएको छ ।

जबकी सन् २०११ मा ०.८२ प्रतिशत परिवारसँग मात्रै कार थियो । त्यो बेला ६.०३ प्रतिशत परिवारसँग कम्प्युटर, ९.१८ प्रतिशत परिवारसँग मोटरबाइक, ८.६१ प्रतिशत परिवारसँग रेफ्रिजेरेटर, ३३.९७ प्रतिशत परिवारसँग फ्यान र ६१.७९ परिवारसँग मात्रै मोबाइल पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## साउदीमा रक्सी बनाएर बेचेको आरोपमा सयौं नेपाली जेलमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ माघ

ठूलो संख्यामा नेपाली वैदेशिक रोजगारीमा रहेको मुलुक साउदी अरेबियामा कयौं नेपालीहरु अवैधरुपमा घरेलु रक्सी कारखाना सञ्चालन, सेवन तथा बिक्री गरेको अभियोगमा जेलमा परेको सार्वजनिक भएको छ ।

बीबीसी नेपाली सेवाका अनुसार झण्डै चार लाख नेपालीहरु कार्यरत रहेको साउदी अरेबियामा ४ सय ८० नेपाली जेलमा रहेको र जेलमा परेकामध्ये ८० प्रतिशतभन्दा बढी अवैध मदिराको उत्पादन, बिक्रीवितरण र सेवनमा संलग्न रहेको अपराधमा पक्राउ परेका नेपाली कामदारहरु रहेका छन् ।

रियादस्थित नेपाली दूतावासका प्रथम सचिव टोपनारायण गिरीका अनुसार साउदीमा मदिराको उत्पादन, बेचबिखन गर्नेलाई जरिवानादेखि जेल सजाय हुने गरेको छ । कतिपयलाई साउदी प्रहरीले थुन्ने र कोर्रा हान्नेसम्मको सजाय गर्ने गरेको छ । अवैधानिकरुपमा बसेका नेपालीहरुले कम आम्दानी भएका नेपाली मजदुरलाई मादक पदार्थ बेच्ने गरेको बताइएको छ भने छोटो समयमा कमाउने लोभमा परेका केही नेपालीहरु रक्सी उत्पादन, ओसारपसारको अवैध धन्दामा लाग्दा जेल परेको बीबीसीले उल्लेख गरेको छ ।

अवैधरुपमा मदिरा उत्पादन तथा बिक्री गर्ने नेपाली कामदार हरुमध्ये केहीलाई अदालतबाट सजाय सुनाइएको र केही कामदारको सजाय सुनाउन बाँकी नै रहेको उल्लेख गर्दै बीबीसीले नेपालीलाई केही महिनादेखि सात वर्षसम्मको जेल सजाय हुने गरेको उल्लेख गरेको छ ।

नेपालबाट घरेलु रक्सी उत्पादन गर्ने मर्चालाई पिठोसँग मिसाएर लैजाने र स्थानीयस्तरमा पाइने चामल, गहुँ र खजुरजस्ता खाद्य पदार्थमा राखेर घरेलु मदिरा बनाउने गरेको दूतावासका अधिकारीहरु बताउँछन् ।

नेपालीहरु साउदी अरेबियामा मात्रै नभएर कुवेतमा पृष्ठ २ मा

### विदेशी कामदारलाई सम्मानजनक व्यवहार गर्न निर्देशन

**क्वालालम्पुर/मस–** मलेसियाको औद्योगिक अदालतले विदेशी कामदारहरुलाई सम्मानजनक व्यवहार गर्न रोजगारदाताहरुलाई निर्देशन दिँदै कार्यस्थलमा शारीरिक हिंसा र आक्रामकतालाई कदापी सहन नसकिने बताएको छ । मलेसियाका केही क्षेत्रमा आप्रवासी कामदारको बासस्थान तथा उनीहरुलाई गरिने व्यवहारको आलोचना हुँदै आएको छ । त्यहाँको औद्योगिक अदालतका अध्यक्ष एन्डरसन ओडले विदेशी कामदारले पृष्ठ २ मा

## दुई शतक

अनिल साह र भीम सार्कीको शतकमा नेपालले एकदिवसीय क्रिकेट सिरिजको तेस्रो तथा अन्तिम खेलमा क्यानडाविरुद्ध शानदार जित निकाल्दै सिरिज क्लिनस्वीप गरेको छ । नेपालका लागि एकै इनिङमा दुई नेपाली खेलाडीले शतक बनाएको यो पहिलो पटक हो । यस्तै अनिल र भीमले एकदिवसीय क्रिकेटमा नेपालका लागि सबैभन्दा ठूलो साझेदारी पनि बनाए । दोस्रो विकेटका लागि अनिल र भीमले १ सय ८९ रनको साझेदारी गरे । यसअघि सन् २०२३ मा कुशल भुर्तेल र आसिफ शेखले जिम्बावेविरुद्ध १ सय ७१ रनको साझेदारी गरेका थिए ।

*विस्तृत समाचार पृष्ठ १२ मा*

## बजेट...

८७.३८ प्रतिशत मात्रै खर्च हुनेछ । महतले चालू वर्ष १७ खर्ब ५१ अर्ब ३१ करोड रुपैयाँको बजेट ल्याएकामा अर्धवार्षिक समीक्षामार्फत घटाएर १५ खर्ब ३० अर्ब २६ करोडमा सीमित गरेका हुन ।

बजेट आकार घटाउँदा सबैभन्दा बढी पुँजीगत बजेट परेको छ । चालुतर्फ १० खर्ब ७ अर्ब ४५ करोड अर्थात बिनियोनको ८४.१३ प्रतिशत पुँजीगततर्फ २ खर्ब ५४ अर्ब १३ करोड अर्थात ८४.१३ प्रतिशत र वित्तीय व्यवस्थापनतर्फ २ खर्ब ६८ अर्ब ९७ करोड अर्थात बिनियोजको ८७.३९ प्रतिशत खर्च हुने सरकारको संशोधित अनुमान छ ।

चालु आर्थिक वर्षको ६ महिनामा संकलन भएको राजस्वको आधारमा नेपाल सरकारको स्रोतबाट (राजस्व र आन्तरिक ऋण) १३ खर्ब ९ अर्ब ३० करोड ८६ लाख, बैदेशिक अनुदान तर्फ ४० अर्ब १२ करोड ९ लाख र वैदेशिक ऋणबाट १ खर्ब ८० अर्ब ८३ करोड रुपैयाँ संकलन हुने लक्ष्य राखेको छ ।

## संकलित...

यसले सरकारको राजस्वले कर्मचारीलाई तलव दिन समेत नपुग्ने देखिन्छ । चालु आर्थिक वर्षको ६ महिनामा समग्रतामा मन्त्रायलहरुले ३१ प्रतिशत समेत बजेट खर्च गर्न सकेका छैनन् । मन्त्रालयगत खर्चलाई केलाउँदा सबैभन्दा कम खर्च गर्ने मन्त्रालय अर्थमन्त्रालय नै रहेको छ । परराष्ट्र मन्त्रालयले सबैभन्दा बढी ८० प्रतिशत बजेट खर्च गरेको छ ।

## काम...

कर छुट दिदाँ राजस्व घटेको पनि बताए । उनी थप्छन्, 'कर छुट दिदाँ बिद्युतीय सवारीको माग बढेपनि भन्सार आयातको ठूलो हिस्सा इन्धनमा आधारित गाडीबाट हुने गरेकोमा इभी आयात बढ्दा राजस्व बढ्न सकेन ।' विभिन्न शीर्षक तथा क्षेत्रमा करछुट दिँदा पनि लक्ष्य अनुसार राजश्व उठ्न नसकेन त्यसको असर बजेटमा पर्‍यो ।'

## त्रिविको...

मन्त्रालयका अनुसार उक्त सूचीमा पर्नेमा कुसुम शाक्य, केशरजङ्ग बराल, गोविन्द सुवेदी, चित्रबहादुर बुढाथोकी, ज्ञानेन्द्रप्रसाद पौड्याल, टंकनाथ धमला, तीर्थराज खनियाँ, नारायण बेलवासे, प्रकाश घिमिरे, भोजराज अर्याल, महेन्द्रप्रसाद शर्मा, रामचन्द्र बस्नेत, शिवलाल भुसाल र सूर्यबहादुर थापा छन् ।

समितिको बैठकमा सांसदहरूले पनि सर्टलिस्ट गरिएका व्यक्तिहरूमाथि प्रश्न उठाए । राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद डा. तोसिमा कार्कीले बौद्धिक चोरी गर्ने व्यक्तिलाई कति नम्बर दिएर सर्टलिस्टमा राखेको भन्दै प्रश्न गरिन । 'सिफारिस समितिले योग्यताको आधारमा छनोट गरेको भनेको छ । त्यसरी छनोट गर्दा बौद्धिक चोरीलाई कति नम्बर दिएको हो ?,' उनको प्रश्न छ ।

राजनीतिक दलबाट निर्वाचनमा टिकट नै पाएका व्यक्तिलाई १४ जनाको सूचीमा राखेको पनि कार्कीको भनाइ थियो । 'निर्वाचनमा राजनीतिक दलको टिकट पाएका कसरी छनोट भए ?' उनको प्रश्न थियो । ५-६ जना कांग्रेस, ६-७ जना माओवादी र एमालेमा खुलेआम रूपमा राजनीतिमा लागेकाहरू १४ जनाको सूचीमा रहेको कार्कीको दाबी छ ।

पोखरा विश्वविद्यालयले सम्बन्धन दिने क्रममा आर्थिक अनियमितता गरेको भनेर अख्तियारमा मुद्दा खेपेका तथा सूचना लुकाएको आरोपमा सूचना आयोगबाट कारबाही सिफारिस भएका व्यक्तिहरू १४ जनाको सूचीमा परेको भन्दै उनी लगायतका सांसदहरुले विरोध गरेका छन् ।

## जीवनस्तर...

थियो । सर्वेक्षणले हाल नेपालीले खाने खानामा पोषणको मात्रा पनि बढेको देखाएको छ । नेपालीले खाने दैनिक खानामा औषतमा रुपमा फलफुल ७ क्यालोरी, तरकारी १२ क्यालोरी र मासु १४ क्यालोरी रहेको पाइएको छ । जबकी १२ वर्षअघि सन् २०११ मा नेपालीको दैनिक खानामा फलफुल ३ क्यालोरी, तरकारी १० क्यालोरी र मासु १३ क्यालोरी हुने गर्दथ्यो ।

सर्वेक्षणअनुसार गरिबीको दर सहरी क्षेत्रमाभन्दा ग्रामीण क्षेत्रमा बढी छ । सहरी क्षेत्रमा गरिबीको दर १८ दशमलव ३४ प्रतिशत र ग्रामिण क्षेत्रमा २४ दशमलव ६६ प्रतिशत छ । सात प्रदेशमध्ये चार प्रदेशमा राष्ट्रिय गरिबीको दर बढी छ । जसमा सुदुरपश्चिम प्रदेशमा ३४.१६ प्रतिशत, कर्णाली प्रदेशमा २६. ६९ प्रतिशत, लुम्बिनी प्रदेशमा २४.३५ प्रतिशत र मधेश प्रदेशमा २२. ५३ प्रतिशत मानिस गरिबिको रेखामुनि रहेको देखिएको छ ।

## साउदीमा....

पनि अवैध मदिरा उत्पादन तथा सेवन गर्ने गरेका कारण पटक-पटक पक्राउ पर्ने र बदनाम हुने गरेका छन् । रोजगारीका लागि गएका विदेशी कामदार स्थानीय धर्म, संस्कृति तथा परम्परा विपरीत अवैध मदिराको व्यापारमा लागेपछि कुवेतमा नेपाली समुदाय नै बदनाम हुन पुगेको कतिपयको टिप्पणी छ ।

## विदेशी...

मानिसको हैसियतले सम्मान र मर्यादाका साथ व्यवहार गर्ने अधिकार राख्ने विषयमा रोजगारदाताहरु सचेत हुनुपर्ने बताए । उनले भने, 'विदेशी कामदारसहित सबै कर्मचारीको कमाइ जतिसुकै कम वा निम्न किन नहोस्, मानिसको रुपमा व्यवहार गर्न पाउने र मानवीय मर्यादाको सम्मानका साथ व्यवहार गर्नुपर्छ भन्ने कुरा रोजगारदाताले जान्नुपर्छ ।'

एक बंगलादेशी कामदारमाथि भएको दुर्व्यवहारको घटनामा मलेसियाको औद्योगिक अदालतमा उजुरी परेको थियो । मलेसियामा एक सफाइ कर्मचारीको हैसियतमा कार्यरत बंगलादेशी नागरिक रहमान मोहम्मद महबुबुर स्वदेश फर्केपछि मलेसियाको औद्योगिक अदालतले रोजगारदाताविरुद्ध आदेश दिएको थियो ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७५/१२/२८ मा दर्ता भएको **जानवी मल्टी ट्रेड प्रा.लि. (प्रा.लि. नं. २१२९२८/०७५/०७६)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७५/१२/२८ मा दर्ता भएको **चण्डिका मल्टीपल इन्भेष्टमेन्ट प्रा.लि. (प्रा.लि. नं. २१२९३०/०७५/०७६)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## कुवेतमा रोजगार | कम्पनी: DESIGNER CONSTRUCTION COMPANY FOR GENERAL BUILDING CONTRACTING

शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०८०/१०/२९ चलानी नं.: ६०२१४८५१ LT. No.: 299920

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ceramic Technician | 10 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ५५,९६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | labour | 15 | 0 | | 100 | ४३,०५२ | | | | | | | |

२. कम्पनी: VENTURE FOODS RESTAURANT MANAGEMENT CO.W.L.L शहर: Kuwait

पूर्व स्वीकृत मितिः २०८०/१०/२९ चलानी नं.: ६०२१४८०१ LT. No.: 299922

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | KITCHEN HELPER / KITCHEN TOOLS CLEANER | 50 | 0 | सम्बन्धित काममा दक्ष | 90 | ३८,७४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Vechicle Driver | 5 | 0 | | 135 | ५८,१२० | | | | | | | |
| 3. | WAITER/ WAITERESS | 25 | 0 | | 120 | ५१,६६२ | | | | | | | |

३. कम्पनी: GARAGE X-PISTON COMPANY FOR CAR REPAIR शहर: Kuwait

पूर्व स्वीकृत मितिः २०८०/१०/२९ चलानी नं.: ६०२१४८५२ LT. No.: 299921

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrical / General Technician | 5 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ५५,९६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrical Technician Assistant | 5 | 0 | | 120 | ५१,६६२ | | | | | | | |
| 3. | Labours | 5 | 0 | | 100 | ४३,०५२ | | | | | | | |
| 4. | Mechanical Technician / General Mechanical Mainten | 5 | 0 | | 140 | ६०,२७३ | | | | | | | |
| 5. | Mechanical Technician Assistant | 5 | 0 | | 120 | ५१,६६२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन ८ गते (20 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

License No.: 1542/ 078/079

**LOGIN INTERNATIONAL OVERSEAS RECRUITMENT PVT.LTD.**

Tel: +977-1-5911074/75, Basundhara-3, Kathmandu, Nepal.

E-mail:- loginoverseasrecruitement@gmail.com, Hotline No: 9823815921

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: SAAD HUSSEIN BIN KHAMMASH AND SONS CO. FOR TRADING, INDUSTRIAL AND CONTRACTING

पूर्व स्वीकृत मितिः २०८०/१०/२८ चलानी नं.: ६०२१४७८२ LT. No.:299893 शहर: SAUDI ARABIA

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० फागुन ८ गते (20 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

SUGAM OVERSEAS PVT. LTD.

**सुगम ओभरसिज प्रा. लि.**

इजाजत पत्र नं. ८३८/०६६/०६७

सामाखुसी (रिङ्गरोड), काठमाडौं, फोन: ४९८६१०६, ४९८७१८३, मो: ९८४१५९६५१३, ९८१३४९२७५५

Email: info.sugam@gmail.com | Web: www.sugamoverseas.cm

# Pachaljharana Rural Municipality
# Office of the Rural Municipal Executive

**Padechha, Kalikot**
**Karnali Province, Nepal**

## Invitation for Bids

**Date of publication: 2024/02/13**

1. Pachaljharana Rural Municipality, Kalikot invites open competitive bidding from the eligible Nepalese bidders (suppliers or authorized dealer) for the procurement mentioned below: for detail information visit PPMO's Web site: www.bolpatra.gov.np./egp
2. Bidder has to submit their bid electronically only and may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Information to deposit the cost of bidding fee in Bank:
   Name of the Bank: Nabil Bank, Padechha, Kalikot    Name of Office : Pachaljharana Rural Municipality
   Account Name: Aantarik Rajaswa khata, Pachaljharana    Account no: **07401017500178**
3. If bidder wishes to submit the bid security in cash, the cash should be deposited in account as detailed below;
   Office Account no.: Nabil Bank, Padechha, Kalikot    Name of Office: Pachaljharana Rural Municipality
   Account Name. : Dharauti Khata,Pachaljharna    Account no. : **07401017500193**
4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 2024/03/14 at 12 noon. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1 PM on 2024/03/14 at the office of Pachaljharana Rural Municipality, kalikot . Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security. The details of bid securities of different packages are listed in table below.
6. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Any provision which are not mentioned in this notice will be consistent with public procurement act (PPA), 2063/ public procurement regulation (PPR), 2064 and other prevailing Nepalese laws.
9. All the rights whether to accept or reject the bid partially and fully are reserved to Pachaljharana Rural Municipality, Kalikot.

| Description of Work | Estimated Amount, NRs (without VAT) | Bid Security Amount (NRs.) | Bid validity period/ Bid security period/Bid security fee |
|---|---|---|---|
| 1. Supply, Delivery and installation of ICT good . (IFB No. : PRM/080/81/GOODS/NCB-04) | 9844262.90 | 246000.00 | 90days/120days/NRs.3000 |

**Government of Bagmati Province**
**Ministry of Health**
**Health Directorate**

# Hetauda Hospital

**Hetauda, Makwanpur**

## INVITATION FOR BIDS

**Publication: 2080.11.01**

Hetauda Hospital invites electronic bids from eligible bidders for the below mentioned activities in Hetauda Hospital under Sealed Quotation & National competitive Bidding procedure. Eligible Bidders may obtain further information at the office of Hetauda Hospital or may visit PPMO website: *www.bolpatra.gov.np/egp*

| S. No. | Notice No. | Tender Description | Cost of Tender Document | Bid Security | Last date of Bid submission | Bid opening date |
|---|---|---|---|---|---|---|
| 1. | HH/SQ/ 080/81-001 | The Procurement of Supply & Delivery of Medicines for Free Distribution | Rs.1,000.00 | Rs.35,000.00 | 28th Feb, 2024 12:00 hours | 28th Feb, 2024 13:00 hours |
| 2. | HH/NCB/ 080/81-013 | The Procurement of Supply, Delivery, Installation, Erection & Commissioning of MGPS Pipeline System | Rs.3,000.00 | Rs.78,500.00 | 14th Mar, 2024 12:00 hours | 14th Mar, 2024 13:00 hours |

## अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

**प्रकाशित मिति : २०८०/११/०१**

यस फर्म/कम्पनीले चाईना/इण्डियाबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि. नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक/ राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा विक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Refrigerator | 596*690*1260 | HITECH | HS-225RDS | 190 Litre | India | Pcs | 27,150.50 | 27,150.50 | |
| २ | Refrigerator | 596*690*1260 | HITECH | HS-225DBS | 190 Litre | India | Pcs | 27,150.50 | 27,150.50 | |
| ३ | Refrigerator | 596*690*1260 | ROWA | RS-225CML | 190 Litre | India | Pcs | 27,350.50 | 27,350.50 | |
| ४ | Refrigerator | 596*690*1260 | ROWA | RS-225CBL | 190 Litre | India | Pcs | 27,350.50 | 27,350.50 | |

जे.एन ईण्डस्ट्रीज प्रा.लि.
सँतुगल, काठमाडौं

स्थायी लेखा नं ६०१८५६५५८
फोन नं.९८०१२३५०८०

# जनाधार बलियो बनाउन माओवादीले चार विशेष अभियान सञ्चालन गर्ने




**काठमाडौं/सम–** नेकपा (माओवादी केन्द्र)ले सहरी क्षेत्र र तराई-मधेशमा विषेश अभियान सञ्चालन गर्ने भएको छ। सांगठनिक संरचना कमजोर भएको भन्दै माओवादी केन्द्रले उक्त अभियान सञ्चालन गर्न लागेको हो।

आइतबारदेखि जारी पार्टीको केन्द्रीय समितिको बैठकले विशेष गरी तराई-मधेशका जिल्लामा जनपरिचालन, संगठन निर्माण एवं विस्तारलाई केन्द्रमा राखेर अभियान सञ्चालन गर्ने निर्णय गरेको माओवादी केन्द्रका उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिए।

सहरी क्षेत्रमा समेत पार्टीलाई थप विस्तार गर्ने उद्देश्य राखेर अभियान सञ्चालन गरिनेछ। माओवादी केन्द्रले मंगलबारदेखि विधान अधिवेशनको आयोजना गरेको छ। अधिवेशन सकिए पछि तराई-मधेश र सहरी क्षेत्रमा विशेष अभियान सञ्चालन गरिने छ। यस्तै माओवादी केन्द्रले उत्तर दक्षिण र पूर्व-पश्चिम अभियानसमेत सञ्चालन गर्ने निर्णय गरेको छ। केन्द्रीय समितिको बैठकमा धारणा राख्ने नेताहरुले यसअघि सञ्चालन गरेको चार महिने 'जनतासँग माओवादी विशेष अभियान'ले पार्टीलाई थप सबल बनाउन मद्दत पुगेको बताएका थिए।

माओवादी केन्द्रले चार महिने अभियानमा पार्टीको संगठन निर्माण, पुनःनिर्माणका साथै शहीद परिवार, बेपत्ता योद्धाका परिवार र घाइते अपाङ्गता भएका कार्यकर्तासँग भेटघाट गरेको थियो। सरकारमा रहेर गरिएको सुशासन र समृद्धिको अभियानबारे जनतालाई जानकारी गराएको थियो। गत भदौ १६ गतेदेखि सुरु भएको सो अभियान गत पुस १७ गतेसम्म चलेको थियो। अभियानमा नखटिनेलाई कारबाही

माओवादी केन्द्रले 'जनतासँग माओवादी विशेष अभियान' मा नखटिने पार्टीका नेता तथा कार्यकर्तालाई कारबाही गर्ने भएको छ। अभियानमा नखटिने कार्यक्षेत्रमा नखट्ने कार्यकर्तालाई स्पष्टिकरण सोध्ने र कारबाहीको दायरामा ल्याउने पार्टीले निर्णय गरेको छ।

प्रवक्ता सापकोटाका अनुसार शतप्रतिशत खटिने कार्यकर्तालाई प्रशंसापत्र वितरण गरिने छ। यस्तै, ७५ देखि ८० प्रतिशतसम्म खटिने कार्यकर्तालाई धन्यवादपत्र दिइने। यस्तै, ५० देखि ५५ प्रतिशतसम्म खटिने कार्यकर्तालाई थप परिचालित हुन निर्देशन दिइने छ।

पन्ध्र प्रतिशतभन्दा कम खटिनेलाई स्पष्टीकरण लिने, निलम्बन गरिनेलगायत कारबाही प्रक्रिया अगाडि बढाउने पार्टीले निर्णय गरेको छ। यस्तै, विशेष विधान सम्मेलन सम्पन्न भएपछि विशेष महाधिवेशनको तयारीमा जुट्ने माओवादी केन्द्रले निर्णय गरेको छ।

## साउदीमा रोजगार

कम्पनी : **EL SALAMA RADIATOR FACTORY**
शहरः Saudi Arabia, Dammam

पुर्व स्वीकृत मितिः २०८०/१०/२९ | चलानी नं.: ६०२१४८५८ | L.T. No.: 299945

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mini Truck Driver | 2 | 0 | | 1900 | ६७,१६५ | | | | | | | |

२. कम्पनी: **DIJLA POULTRY FARM COMPANY**
शहरः Saudi Arabia
पुर्व स्वीकृत मितिः २०८०/१०/२९ | चलानी नं.: ६०२१४८५९ | LT. No.: 299946

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker Loading And Unloading | 18 | 0 | स. काममा दक्ष | 1200 | ४२,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन ८ गते (20 February 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

diana overseas
श्रम इजाजत नं. ४०८/०६०/०६१

**डायना ओभरसिज प्रा. लि.**
बाल कुमारी, ललितपुर, फ्याक्सः ५००६३८६, फोन नंः ५१८६३८४,५१८६३८५, ५५५६३२८, ५५५६४२९

## Qatar Airport मा बैदेशिक रोजगारको अवसर

QASSP QATAR AIRWAYS SSP LLC
Company: Qatar Airways SSP LLC, Qatar

पूर्व स्वीकृती मितिः २०८०/१०/२८ | चलानी नं.:६०२१४७८८ | LT No.:299858

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Waiter | 04 | 02 | काममा दक्ष | 1500 | ५४,६०३।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Assistant Cook | 05 | 02 | | 1500 | ५४,६०३।- | | | | | | | |
| ३. | General Cleaner | 05 | 00 | | 1250 | ४५,५०३।- | | | | | | | |
| ४. | Assistant Store Keeper | 02 | 00 | | 1500 | ५४,६०३।- | | | | | | | |

1. Having Hotel management diploma in Cookery or Food Service are preferred
2. Should have knowledge of HACCP, variety of chopping boards used in the kitchen
3. Should have knowledge of FIFO,LIFO, storage temperature & POS

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निःशुल्क |

**अन्तरवार्ता २०८० फागुन ८ गते (20 Feb., 2024) यस प्रा. लि. कार्यालय बसुन्धारा, काठमाडौमा हुनेछ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफुसँग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला।

**Global Overseas Services Pvt. Ltd.**
Govt. Lic: 079/052/053
Basundhara, Kathmandu, Tel: 01-4371146, 4377864

आवश्यकता यस प्रा.लि. को लागि अनुभवी Documentation Officer -1 (F), र Receptionist-1 (F) हरुको आवश्यकता भएकाले ईच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला।

## बहरायन र कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **PARADISE RESTAURANT**
शहरः Bahrain
पूर्व स्वीकृत मितिः २०८०/१०/२८ | चलानी नं.: ६०२१४७९१ | LT. No.: 299899

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 0 | 1 | स. काममा दक्ष | 120 | ४२,१९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **SL FOR GIFTS AND LUXURIES**
शहरः Kuwait
पूर्व स्वीकृत मितिः २०८०/१०/२८ | चलानी नं.: ६०२१४७९२ | LT. No.: 299898

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Party Helpers | 0 | 6 | सम्बन्धित काममा दक्ष | 125 | ५३,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Florist Assistant | 0 | 4 | | 125 | ५३,८१५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन ८ गते (20 February 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | बहराइनको निःशुल्क कुवेतको रु १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुस"ग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला।

**Nepal International Overseas Pvt.Ltd.**
Lic No: 623/063/064
Samakhusi Chowk-3, Jaldhara Marga, Kathmandu. Tel No: 01-5901301,5906301
Mobile No: 9818422157, 9851043059. Email: niop12017@gmail.com, info@niopl.com
Website: www.nepaloverseasgency.com

## साउदीमा रोजगार

१. कम्पनी : **AL RAWAF CONTRACTING COMPANY IS A ONE PERSON COMPANY**
शहर : SAUDI
पुर्व स्वीकृत मितिः २०८०/०५/१३ | चलानी नं.: ६०२०७०१६ | LT. No.:291867 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन ८ देखि १२ गते सम्म (20 to 24 February 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

श्रम इजाजत नं. ६७२/०६३/६४

**एस.एल.डी ईन्टरनेशनल प्रा.लि.**
बसुन्धरा चौकी, धापासी, काठमाडौं, फोन नं. ०१- ५९०२८२४, ५९०२८२५
मो.:९८५१०४७३६५, ९८१८६२८४४८.

## Kuwait मा रोजगार

Express Service Co For Consumer Goods Delivery S.P.C.

पुन विज्ञापन।पूर्व स्वीकृती मितिः २०८०/०४/३१ | चलानी नं. ६०२०६३०५ | LT No. : 291050

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Driver | 03 | 00 | काममा दक्ष | 130 | ५५,९६९।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निःशुल्क |

**अन्तरवार्ता २०८० फागुन ८ गते (20 Feb., 2024) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौमा हुनेछ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफुसँग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला।

**Euro Asia H.R. Solutions Pvt. Ltd.**
Govt. Lic: 1162/073/74
Samakhushi, Kathmandu, Nepal Tel : 01-4980875, 4965521
Mob: 9851048235, 9851042984, 9860111396
Email: myeuroasiahr@gmail.com | Web: www.euroasiagroups.com

## बेलबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बेलबारी, मोरङ
कोशी प्रदेश, नेपाल

### विद्युतीय माध्यमबाट बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/११/ ०१**

आ.व. २०८०/८१ मा बेलबारी नगरपालिकाको कार्यालयको तपसिल बमोजिमका कार्य प्रचलित कानुन बमोजिम बोलपत्र माध्यमबाट गराउनु पर्ने भएकाले इजाजतप्राप्त व्यवसायीबाट रीतपूर्वक बोलपत्र पेस गर्नका लागि आह्वान गरिएको छ। विस्तृत जानकारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको website https://www.bolpatra.gov.np/egp/ मा हेर्नुहुन समेत सूचित गरिन्छ।

**तपसिल**

| ठेक्का नं. | बोलपत्रको नाम | फारम दस्तुर शूल्क | जमानत रकम रु | लागत अनुमान रु (मु.अ.कर र कन्टिजेनसी बाहेक) | पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| BM/MOR/W/NCB -14-2080-81 | महेन्द्र आ.वि. भवन निर्माण | ३,०००/- | २,४०,००० | ८१,३१,६४५.३४ | २०८० चैत्र १ गते दिनको १२:०० बजेसम्म | २०८० चैत्र १ गते दिनको २:०० बजे |
| BM/MOR/W/NCB -15-2080-81 | विपद जोखिम मुक्त वस्ती व्यवस्थापन आयोजना, बेलबारी ३ | ३,०००/- | २,०५,००० | ८०,१०,६५४.८१ | | |
| BM/MOR/W/NCB -16-2080-81 | नदि नियन्त्रण तथा घाट व्यवस्थापन विपद जोखिम न्युनिकरण, बेलबारी ७ | ३,०००/- | ३,५५,००० | १,४०,१०,३१५.३५ | | |

**नोट** : १) आंशिक वा पूर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार न.पा.मा हुनेछ। अन्य विषय सम्बद्ध कानुन बमोजिम हुनेछ।
२) २०८१।०३।१५ गते सम्म कार्य सम्पन्न गर्न सक्ने इजाजत प्राप्त व्यवसायीले मात्र बोलपत्र पेस गर्नुहुन।
३) सूचनामा उल्लेखित शर्तहरुको थप प्रष्टीकरण र व्याख्या साथै सूचनामा उल्लेख नभएका अन्य विषयहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ साथै प्रचलित कानुन र स्थापित सार्वजनिक हितका मान्यता मुताबिक हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

## Temkemaiyung Rural Municipality
## Office of Rural Municipal Executive

**Annapurna, Bhojpur**
**Koshi Province, Nepal**

### Invitation for Sealed Quotation

**Date of Publication: 2080-11-01 (2024-02-13)**

1. Temkemaiyung Rural Municipality invites sealed quotation from Nepalese eligible bidders for the following works under Sealed Quotation bidding procedures specified in Public Procurement Act and Regulations. Bidding is open for all eligible Nepalese Bidders.

| S.N. | Contract ID. No. | Description of work | Estimated Amount (Without VAT) | Cost of Bid Document | Bid Security Amount | Bid Validity Period | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|---|
| 1. | 05/BHO/ TRM/ROAD/ SQ/2080/81 | Chakhewa-Lungin-Majhaule to Pandhare Road Maintenance Work | NRs. 16,09,354.69 | NRs. 1,000.00 | NRs. 45,000.00 | 45 days | 75 days |

2. Sealed bids must be submitted to the office Temkemaiyung Rural Municipality, Annapurna, Bhojpur by hand or courier on or before 12:00 hour on 2080-11-16 (2024-02-28).
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Temkemaiyung Rural Municipality, Annapurna, Bhojpur, E-mail address: ito.temkemaiyungmun@gmail.com, Contact numbers: 9841982509, 9842099571**

**Chief Administrative Officer**

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon
Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com

१ फागुन २०८०, मंगलबार
13 February 2024, Tuesday

सम्पादकीय

## रोज्नुपर्ने ध्रुवीकरण


प्रधानमन्त्री एवम् नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सोमबार केन्द्रीय कमिटी बैठकमा नेपाली कांग्रेससँगको गठबन्धन लाभदायक नरहेको निष्कर्ष सुनाए । विशेषगरी कोशी प्रदेशको एजेण्डामा प्रचण्डले लगातार कांग्रेसबाट धोका भएको बताएका थिए । सभामुख र मुख्यमन्त्री छोडेपछि फेरि राष्ट्रियसभामा माओवादीलाई हराउने काम कांग्रेसले गरेको उनले सुनाए । माओवादीका अरू नेताहरूले त कोशीमा अनुशासनको कार्बाही नभए गठबन्धनमा बसिरहने बाध्यता नरहेको सार्वजनिक मत राखिरहेका छन् । त्यसैलाई बल पुग्नेगरी प्रचण्डले आफूलाई प्रधानमन्त्री पनि कांग्रेसले नबनाएको बताए । लगातार माओवादी बैठकमा भइरहेका छलफलले सत्ता गठबन्धनमा खटपटको संकेत देखिन थालेको छ । माओवादी नेताहरूले राष्ट्रियसभाको अध्यक्षमा समेत दावी गर्नुले कांग्रेस नेतृत्वको यो गठबन्धन टिक्नेमै आशंका गरिनु स्वभाविक देखिन्छ ।

किनभने राष्ट्रियसभाको अध्यक्ष बन्नेगरी कांग्रेस नेता कृष्णप्रसाद सिटौला कोशी प्रदेशबाटै राष्ट्रियसभा सदस्य निर्वाचित भइसकेका छन् । तर सिटौला निर्वाचित भएपछि माओवादी केन्द्रले संवैधानिक परिषद्को शक्ति सन्तुलनलाई लिएर तर्क गर्न थालेका छन् । राष्ट्रपति, उपराष्ट्रपति, सभामुख र उपसभामुख र समेत अरू दलसँग भएकाले माओवादीले राष्ट्रियसभाको उपाध्यक्ष पाउनुपर्ने तर्क गरिरहेका छन् । यदि त्यस्तो भएमा सत्ता गठबन्धनबीच जुटेको सहमति बमोजिम प्रधानमन्त्री माओवादीले छोड्दा फरक नपर्ने उनीहरूको तर्क छ । माओवादीको बदलिएको मत पुरा नभए फेरि अर्को सत्ता गठबन्धन बन्न सक्ने देखिन्छ । त्यो भनेको फेरि नेकपा एमाले नेतृत्वको गठबन्धन बहुमतमा पुग्नु हो ।

जबकी आमचुनाव सम्पन्न भएको एक वर्षभित्रै संसदका लगभग सबै दल सरकारमा सहभागी भइसकेका छन् । गत वर्ष १० पुसमा एमालेकै समर्थनमा प्रचण्ड प्रधानमन्त्री भएका थिए । त्यसोबेला एमाले, राप्रपा, रास्वपा लगायत सात दलीय गठबन्धन बनेको थियो । संसद्को सवैभन्दा ठूलो दल कांग्रेसले सरकारको नेतृत्व नछोडेपछि प्रचण्ड एमालेको समर्थनमा प्रधानमन्त्री बने । प्रधानमन्त्री भएपछि प्रचण्ड पुरानै गठबन्धनमा फर्किए । अहिले फेरि एमालेतिरै जाने संकेत प्रचण्डको अभिव्यक्तिबाट अनुमान गरिदैछ । माओवादीले कांग्रेस र एमालेलाई टेकेर सत्ताको पिङ यसरी खेल्न थालेको दशक नै हुन लागिसक्यो । विश्लेषकहरू माओवादीले देखाइरहेको चरित्रलाई लोकतन्त्रलाई बलियो नबनाउने तर्क गर्छन् । सत्ताको लाभ हुने भएकाले माओवादीले भने त्यस्तै शैली अपनाइरहेका छन् । तर मुलुक, संविधान र व्यवस्था बलियो बनाउन पनि माओवादीले एउटा ध्रुब रोज्न आवश्यक छ । पार्टी लगातार खुम्चिएर जाने अनि सत्ताको यात्रा कहिल्यै नछोड्ने शैलीले माओवादीले विगत लडेको संघर्ष समेत बद्नाम हुनेतर्फ आवश्यक ध्यान दिन जरूरी छ ।

# परिवर्तनकारीहरूको दायित्व

अग्रलेख



● नारायणप्रसाद शर्मा

मुलुकको परिस्थिति विगतभन्दा झनझन् जटिल, गम्भीर र संगीन बनिरहेको छ । प्रतिगमनकारी राजावादी र लोकतान्त्रिक यथास्थितिवादी दुई शक्तिका बिचमा मूलतः देश ध्रुवीकृत भैरहेको छ । वास्तवमा यो ध्रुवीकरण त राष्ट्रविरोधी प्रतिकृयावादी र राष्ट्रहितकारी क्रान्तिकारी शक्तिजस्ता दुई विपरीत ध्रुवका शक्तिबिचमा हुनुपर्ने हो । तर, त्यसो भएको छैन । जेहोस्, यी दुई प्रमुख शक्तिमध्ये पहिलो शक्ति र प्रवृत्तिले राष्ट्र, राष्ट्रियता, राष्ट्रिय स्वाधिनता र सार्वभौमिकताको संरक्षण र सम्बर्द्धनको नारा उचालिरहेको छ । साथै, यसले आफ्नो सनातन धर्म-संस्कृतिको रक्षा र विकासको लागि एकताबद्ध भएर लड्ने नीति पनि लिएको छ । देशभक्ति र राष्ट्रवादको नारा र नाममा यो सामन्ती प्रतिक्रियावादी शक्ति र प्रवृत्ति एकीकृत र ध्रुवीकृत हुँदै पछिल्ला दिनहरूमा झनझन् सुदृढ र सबलसमेत हुँदै गइरहेको छ ।

त्यसैको आडमा यो शक्ति र प्रवृत्तिले अहिले एउटा लडाइँ चर्कैरूपले लडिरहेको र अघि बढिरहेको पनि छ । यसले राजनैतिक, धार्मिक, सामाजिक र सांस्कृतिक स्वतन्त्रता भएको राज्य व्यवस्थाको रूपमा पुरानै राजा, राजतन्त्र र राजसंस्थासहितको हिन्दु धर्मसापेक्ष राष्ट्र र एकीकृत-केन्द्रीकृत राज्य व्यवस्थाको निर्माण (पुनरावृत्ति)को माग गरिरहेको छ । सार र समग्रमा भन्नुपर्दा यो राष्ट्रवादी भनिने शक्ति र प्रवृत्तिले आफ्नो राजनीति र राष्ट्रियताको स्रोत, शक्ति र आधार ईश्वर, राजा र धर्मजस्ता रुढीवादी विचार र शक्तिकेन्द्रलाई बनाउँदै सामन्ती निरंकुशतन्त्र र वर्गीय आत्मसमर्पण अवलम्बन गरेको छ ।

यसरी नै दोस्रो शक्ति र प्रवृत्तिले वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्रको संरक्षण र सम्बर्द्धन गर्दै अग्रगामी दिशामा अघि बढ्ने नीति र नाराका नाममा पहिलो शक्ति र प्रवृत्तिका विरुद्ध आफ्नो लडाइँ जारी र जटिल भएको भन्दै अझ गम्भीर र निर्मम लडाइँ लड्ने बताउँदै आएको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रको लागि लडेको र ल्याएकोमा गर्व गर्ने हाल लालदलाल तथा नवनोकरशाही पुँजीवादी शक्ति र प्रवृत्तिसमेतले लोकतन्त्र र आफ्नो राजनीतिको स्रोत, शक्ति र आधार वैदेशिक शक्ति केन्द्र खासगरी इण्डो-पश्चिमा साम्राज्यवादलाई बनाएको छ अर्थात् लोकतान्त्रिक व्यवस्थाको वैचारिक आधार नवउदारवादलाई बनाउँदै राष्ट्रिय आत्मसमर्पणवादको दिशामा तीव्र गतिमा अघि बढेको छ ।

देशको यस्तो गम्भीर र संगीन मोडको मझधारमा सच्चा देशभक्त र सच्चा लोकतन्त्रवादी/कम्युनिस्ट क्रान्तिकारीहरूको अर्थात् सामन्तवाद-साम्राज्यवाद विरोधीहरूका विभिन्न साना र कमजोर तर, उज्ज्वल भविष्य बोकेका राष्ट्रहितकारी समाजवादी शक्ति पनि उभिएका छन् । यहाँनेर एउटा यो कुरामा यो शक्ति र यसका पक्षधर शक्ति-व्यक्ति र नेतृत्व-व्यक्तित्वहरू स्पष्ट हुनु जरुरी छ कि जो सच्चा देशभक्त हो, त्यो लोकतन्त्रवादी/जनवादी पनि हो र हुनैपर्छ भने जो सच्चा लोकतन्त्रवादी हो ऊ देशभक्त पनि हो र हुनैपर्छ ।

अनि यी दुई शक्ति अर्थात् जनवादी र देशभक्त शक्तिहरू आपसमा एकताबद्ध र मोर्चाबद्ध भएर मात्र माथि उल्लिखित दुई मुख्य शक्ति र प्रवृत्ति सामन्तवाद र साम्राज्यवादपरस्त शक्तिहरूका विरुद्ध अर्थात् वर्गीय आत्मसमर्पण र राष्ट्रिय आत्मसमर्पणवादका विरुद्ध लड्न सकिन्छ । यसो भयो भने मात्र यो लडाइँ सच्चा देशभक्तिपूर्ण र सच्चा लोकतान्त्रिक/जनवादी वा समाजवादी लडाइँ हुन्छ । यसरी मात्र यो तीव्र, तिक्ष्ण, सबल र सफलसमेत हुन्छ अनि दीगो-दरो रूपमा अघि बढ्छ ।

अन्यथा, हाम्रो यो लडाइँ जान वा अनजानरूपमा सीधा वा घुमाउरो बाटो भएर छिटो वा ढिलो गरी अन्ततः र सारतः विदेशी साम्राज्यवादी-विस्तारवादी शक्तिकेन्द्रहरूको पूर्ण नियन्त्रणमा जान्छ । त्यसपछि त हाम्रो देश, समाज र व्यवस्था आदि सबैका सबै उनीहरूकै अधिनमा पुग्न जाने अवस्था हुन्छ । तसर्थ, राष्ट्रिय स्वाधीनता र जनस्वतन्त्रताको अहिलेको यो हाम्रो लडाइँ उपरोक्त दुवैथरी मुख्य जनविरोधी र राष्ट्रविरोधी शक्ति र प्रवृत्तिका विरुद्ध केन्द्रित छ र हुनैपर्छ ।



*प्रतिगमनकारी र परिवर्तनकारीबीच संघर्ष चल्नु स्वभाविक हो । जसमा मुलुक ध्रुवीकृत हुनु पनि स्वभाविक हो । तर आज मुलुकमा प्रतिगमनकारी र यथास्थितिवादी शक्तिका बीच ध्रुव्रीकरण भइरहेको छ । दुई कित्ताबीच टकराव छ । यस्तो टकरावले मुलुकलाई कता लैजाला ? प्रश्न उठेको छ ।*

